# नेपाल सरकार
# शिक्षक सेवा आयोग
## माध्यमिक तह, तृतीय श्रेणी, शिक्षक पदको प्रतियोगितात्मक विषयगत परीक्षा -२०८२

**तह : माध्यमिक** | **पूर्णाङ्क : १००**

**समय : ३ घण्टा** | **उत्तीर्णाङ्क : ४०**

**विषय : सामाजिक अध्ययन**

**सबै प्रश्नहरू अनिवार्य छन् । प्रत्येक खण्डका लागि बेग्लाबेग्लै उत्तरपुस्तिका प्रयोग गर्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द गरिनेछ ।**

### खण्ड (क)

| | |
|---|---|
| १) सामाजिक अध्ययनलाई किन अन्तरविषयक विषय मानिन्छ ? यसको कारण पार्ने सामाजिक अध्ययनसँग सम्बन्ध राख्ने अर्थशास्त्रका विषयवस्तु शिक्षण गर्दा प्रयोग गर्न सकिने सम्भावित ५ वटा शैक्षिक सामग्रीको सूची तयार पारी कुनै एउटाको प्रयोग तरिका उल्लेख गर्नुहोस् । | ४+ ३+ ३ |
| २) पाठयोजनाको परिचय दिँदै कक्षा ९ को सामाजिक अध्ययन पाठ्यपुस्तकबाट "अक्षांश र देशान्तर" भन्ने शीर्षकमा केन्द्रित रही एउटा नमुना पाठयोजना बनाउनुहोस् । | २+ ८ |
| ३) सामाजिक अध्ययन शिक्षणमा नक्सा प्रयोगको आवश्यकता प्रस्तुत गर्दै नक्साको प्रयोगलाई प्रभावकारी बनाउन सामाजिक अध्ययनका शिक्षकले गर्नुपर्ने कार्य विश्लेषण गर्नुहोस् । | ४+ ६ |
| ४) माध्यमिक तहमा सामाजिक अध्ययन विषयमा अन्य विषयको तुलनामा सिकाइ उपलब्धि कम हुने गर्दछ । उक्त सिकाइ उपलब्धिलाई वृद्धि गराउन सामाजिक अध्ययनका शिक्षकले के कस्ता मूल्याङ्कनका साधनहरू प्रयोग गर्नुपर्छ ? यो कार्यलाई अझ प्रभावकारी रूपले कार्यान्वयन गर्न प्रधानाध्यापकले के कस्तो भूमिका खेल्नुपर्दछ, उदाहरणसहित स्पष्ट पार्नुहोस् । | ५+ ५ |
| ५) तपाईंको समुदायमा जलवायु परिवर्तनले कस्तो असर पारेको छ ? लेख्नुहोस् । यी असरहरूलाई कम गर्न अपनाउन सकिने उपायहरू कक्षाकोठामा प्रस्तुत गर्नका लागि ६ वटा क्रियाकलापहरू उल्लेख गर्नुहोस् । | ४+ ६ |

### खण्ड (ख)

| | |
|---|---|
| ६) सामाजिक अध्ययन र इतिहासबिचको सम्बन्ध उल्लेख गर्दै नेपालको आधुनिक इतिहासका मुख्य पाँच वटा घटनाहरूलाई समयरेखामा देखाउनुहोस् । | ५+ ५ |

| | |
|---|---|
| **७)** नेपालको नयाँ सङ्घीय लोकतान्त्रिक संरचनाले देशको शासकीय पद्धतिमा सुधार तथा सुशासन प्रवर्द्धनमा के कस्तो योगदान गरेको छ चर्चा गर्दै यसको कार्यान्वयन पक्षमा देखिएका मुख्य चुनौतीहरू के हुन् र तिनलाई कसरी सम्बोधन गर्न सकिन्छ ? उदाहरणसहित स्पष्ट पार्नुहोस् । | **४+६** |
| **८)** समावेशीकरण भनेको के हो ? नेपालमा पहिचानसम्बन्धी सामाजिक मुद्दाहरूलाई सम्बोधन गर्न सरकारले प्रयोगमा ल्याएका प्रयासहरूको समीक्षा गर्नुहोस् । | **३+७** |
| **९)** "नेपालको भू-राजनीतिक स्थिति र आर्थिक परनिर्भरताका कारणले अन्तर्राष्ट्रिय सम्बन्धहरू चुनौतीपूर्ण बन्दै गएका छन् ।" यो भनाइको विश्लेषण गर्दै नेपालका वैदेशिक नीति र अन्तर्राष्ट्रिय सहयोगको विवेचना गर्नुहोस् । | **५+५** |
| **१०)** सामाजिक विकृतिको परिचय दिँदै वर्तमान अवस्थामा सामाजिक विकृति बढ्दै जाँदा समाजमा सामाजिक द्वन्द्व पनि चर्को रूपमा बढ्दै गएको छ । यसलाई न्यूनीकरण गर्न के कस्ता उपायहरू अपनाउनु पर्दछ, प्रस्तुत गर्नुहोस् । | **४+६** |

***